
NRNA
Non-Resident Nepali Association

# कोभिड-१९ बाट प्रभावित नेपाली श्रमिकहरूका लागि राहत तथा उद्धार कार्यक्रम बारे

# प्रश्नोत्तर



# गैरआवासीय नेपाली संघ

# कोभिड–१९ बाट प्रभावित नेपाली श्रमिकहरुका लागि राहत तथा उद्धार कार्यक्रमबारे प्रश्नोत्तर

प्रकाशित मितिः २०७७/१२/१५ (25 March 2021)

# विषय सूची


| | | |
|---|---|---|
| १. | यो कार्यक्रमको उद्देश्य के हो र यो कहिले सम्म सञ्चालन हुन्छ ? | २ |
| २. | यो कार्यक्रम कुन-कुन देशमा लागू भएको छ ? | २ |
| ३. | यो कार्यक्रम मार्फत श्रमिकहरुले कुन-कुन शीर्षकमा सहयोग प्राप्त गर्न सक्छन् ? | २ |
| ४. | कार्यक्रमको हाल सम्म भएका मुख्य मुख्य उपलब्धिहरु के-के छन् ? | ५ |
| ५. | खर्चको कार्यविधि, आर्थिक पारदर्शिता तथा खर्चको निर्णय प्रक्रियाबारे के-के गरिएको छ ? | ९ |
| ६. | यो कार्यक्रमका बारेमा विभिन्न तहमा व्यवस्थापन तथा संवाद कसरी गरिएको छ ? | ९ |
| ७. | यस कार्यक्रमको आर्थिक तथा कार्यक्रमको प्रतिवेदन प्रणाली कस्तो रहेको छ ? | १० |
| ८. | यो कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन कसरी गरिन्छ ? | १० |
| ९. | कार्यक्रममा कति कर्मचारीहरु स्वयं-सेवकहरु कार्यरत छन् ? | ११ |
| १०. | संघका स्वयं-सेवकहरु हुँदा-हुँदै पारिश्रमिक (बेतन प्राप्त) प्राप्त स्वयं-सेवकहरु किन आवश्यक पर्यो ? | ११ |
| ११. | स्वयं-सेवकहरुको छनोट कसरी गरिएको थियो ? | १२ |
| १२. | कार्यक्रममार्फत उद्दार गरिएका व्यक्तिहरुको विवरण कहाँ छ ? | १२ |
| १३. | राहत पाउनेहरु कसरी छनोट गरिन्छ र उनीहरुका गुनासा तथा अन्य समस्याहरुलाई कसरी सम्बोधन गरिन्छ ? | १२ |
| १४. | श्रमिकहरुका मानसिक स्वास्थ्य सम्बन्धि समस्याहरुलाई यो कार्यक्रमले कसरी ओगटेको छ ? | १३ |
| १५. | परामर्श सेवा लिने गैरआवासीय नेपालीको संख्या किन बढी छ ? | १३ |
| १६. | यस कार्यक्रमका बारे परराष्ट्र मन्त्रालय र दूताबाससँग कसरी सहकार्य गरिएको छ ? | १३ |
| १७. | एनआरएनलाई श्रमिकहरुको सहायताका लागि वैदेशिक सहायता लिनु पर्ने आवश्यकता किन पर्यो ? | १४ |

सन् २०१९ को अन्यतिर एक्कासी आइलागेको कोभिड-१९को प्रकोपबाट नेपाल र संसारभरि छरिएर बसेका नेपालीहरु अछुतो रहने कुरै भएन । हालसम्म कोभिड-१९ सम्बधित कारणले नेपाल बाहेक २१ देशका करीव ३४१ जना नेपालीहरुको मृत्यु भईसकेको छ भने ५३ देशमा ६३ हजार ३ सय ७ जना नेपाली संक्रमित भएका छन् ।

कोभिड-१९ का कारणले विश्वभरी आर्थिक र सामाजिक गतिविधिहरु ठप्प हुनुको साथै देश-विदेशका सीमा नाकाहरु बन्द हुनाले मानिसहरुमा एक किसिमको मनोवैज्ञानिक विचलन हुनु स्वभाविकै थियो । महामारीको प्रकोप बढ्दै गएपछि विभिन्न देशमा छरिएर बसेका गैरआवासीय नेपालीहरुलाई मानसिक र आर्थिक सुरक्षाको प्रत्याभूति जरुरी थियो । त्यसका लागि गैरआवासीय नेपाली संघबाट विभिन्न किसिमका राहत, घर फिर्ति तथा पुर्नस्थापनाका कार्यक्रमहरु अघि सार्ने कार्य सुरु भयो ।

संघका अध्यक्ष कुमार पन्तको अध्यक्षतामा एक कोभिड-१९ रोकथाम उच्चस्तरीय समिति गठन भई नेपाल सरकार समक्ष यस समितिको तर्फबाट राहत, घर फिर्ति तथा पुर्नस्थापनाका लागि कार्यपत्र प्रस्तुत भयो । संघले यसै कार्यपत्रको आधारमा नेपाल सरकार र विदेशस्थित नेपाली नियोगसँग सहकार्य गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । “नेपालीका लागि नेपाली” भन्ने मुख्य अवधारणा मनन गर्दै राष्ट्रिय समन्वय परिषद्बाट प्राप्त सहयोगबाट विभिन्न ५० देशका कम्तिमा पनि ३ सय भन्दा बढी शहरहरुमा रहेका करिब १ लाख ७० हजार भन्दा बढी नेपालीहरु प्रत्यक्ष लाभान्वित भएका छन् । जसका लागि २५ सय भन्दा बढी स्वयंसेवकहरुले दिनरात सेवा दिइरहेका छन् ।

नेपालीहरुको मानसिक स्वास्थ्यलाई विशेष ध्यानमा राखेर यस संस्थाले गैरआवसीय टेलि -स्वास्थ्य र मानसिक स्वास्थ्य परामर्श केन्द्रको स्थापना गर्नुका साथै विभिन्न कार्यक्रम सञ्चालन गर्यो । यस कार्यका लागि अमेरिका, बेलायत, यूरोपियन क्षेत्र, मध्यपूर्वी क्षेत्र, अफ्रिकन क्षेत्र र एसिया प्रशान्त क्षेत्रहरुमा अनुभवी स्वास्थ्यकर्मी र डाक्टरहरुलाई परिचालन गरिएको छ । संसारभर २०० भन्दा बढी स्वास्थ्यकर्मीले निशुल्क सेवा उपलब्ध गराएका छन् ।

विभिन्न देशका नेपालीहरुको सहयोगबाट नेपाल सरकारलाई एनटिजेन टेष्ट किट, पीपीई, आई आर गन, सुज, कभर, के एन-९५ माक्स जस्तासामग्रीहरु उपलब्ध गराएको छ ।

यी सबै कार्यक्रमका लागि अन्तर्राष्ट्रिय र राष्ट्रिय समन्वय परिषद्हरुबाट रु १३ करोड र यूएन अन्तर्गतका निकायबाट प्राप्त रु १० करोड गरी रु २३ करोड बराबरको रकम परिचालन

गरिएको छ। यहाँ अन्तर्राष्ट्रिय दातृ निकायहरुसँगबाट प्राप्त करिब रु १० करोड बराबरको गैरआवासीय नेपाली श्रमिकहरुका लागि राहत तथा उद्दार कार्यक्रमबारे विस्तृत जानकारी प्रस्तुत गरिएको छ।

### यो कार्यक्रमको उद्देश्य के हो र यो कहिले सम्म सञ्चालन हुन्छ ?

कोभिड-१९ का कारणले समस्यामा परेका नेपाली श्रमिकहरुका लागि तत्काल राहत, उद्दार तथा स्वदेश फिर्ती प्रक्रियामा नेपाली नियोगलाई समेत सहयोग पुऱ्याउने उद्देश्यले सम्बन्धित देशका नेपाली नियोगहरु तथा अन्य सम्बन्धित सरकारी तथा अन्य सरोकारवाला निकायहरु सँग समन्वय गरेर सेप्टेम्बर २०२० देखि विभिन्न क्रियाकलापहरु सञ्चालन भइरहेका छन् र यो कार्यक्रम २०२१ मे महिनासम्म सञ्चालन हुनेछ।

### यो कार्यक्रम कुन–कुन देशमा लागू भएको छ ?

धेरै श्रमिक नेपालीहरु भएको देश मलेसिया, कतार, यूएई र साउदी अरबबाट सुरु भएको यो कार्यक्रम पछिल्लो समय बहराईन, कुवेत तथा ओमानमा समेत लागू गरिएको छ। कार्यक्रममा आवश्यकताको आधारमा सम्बन्धित निकाय तथा दातासँग समेत समन्वय गरी अन्य देशहरु जस्तै कम्बोडियामा अलपत्र परेका नेपाली श्रमिकहरु उद्दार गरिएको ।

### यो कार्यक्रम मार्फत श्रमिकहरुले कुन–कुन शीर्षकमा सहयोग प्राप्त गर्न सक्छन् ?

तत्काल राहतको लागि खाना तथा बासको व्यवस्था, घर फिर्ती कार्यका लागि आंशिक हवाई टिकट तथा पीसीआर सेवा, मानसिक स्वास्थ्य परामर्श सेवा तथा स-साना स्वास्थ्य समस्याका लागि सहयोग, आउटरिच सेवा, कानूनी सहायता र घर फिर्ता हुने क्रममा त्रिभुवन विमान स्थलबाट घर सम्म जानको लागि यातायात तथा खाना खर्च तथा अन्य प्रशासनिक खर्च गरिन्छ। यो कार्यक्रमले विशेष गरेर कोभिड-१९ का कारणले रोजगारी गुमाएका, समान्य गल्तीका कारणले स्वदेश फर्कन बाध्य बनाइएका, महिला, अपाङ्गता भएका व्यक्ति, बिरामी आदि। बजेट विवरण तथा खर्चको विवरण यस प्रकार रहेको छः

| बजेट विवरण | स्वीकृत बजेट (रकम डलरमा) | हाल सम्मको खर्च (रकम डलरमा) |
|---|---|---|
| गन्तव्य देशमा अस्थायी सेल्टर तथा खानाको व्यवस्थाको लागि | १२८०००.०० | ७९९०१.७४ |
| पीसीआर टेस्ट | ७२,०००.०० | २१५७३.६८ |
| आंशिक हवाई टिकट खर्च | ३२९,०००.०० | ४५,५६५.०५ |
| टेलि-मेडिसिन सेवा | १५८४० | २१०५ |
| सामान्य गल्ती वापत जरिवाना शुल्क सहयोग | ४९६०० | ३१६८ |
| स्वयं-सेवकहरुको तलब | ११३६०० | ९५८१४.१३ |
| स्थानीय यातायात खर्च, सञ्चार सेवा तथा अन्य प्रशासनिक खर्च | १९४०० | ७५३७.३४ |
| कार्यक्रमका लागि चाहिने कम्प्युटर तथा अन्य खर्च | २०१५३ | १७७८४.२४ |
| आउटरिच सेवा | २०८०० | १००२९.१० |
| प्रदेश सरकार तथा स्थानीय सरकारलाई आवश्यक केही मेडिकल सामग्री सहयोग | १२२३४ | १२२३३.५८ |
| नेपालमा कार्यरत स्वयं-सेवकहरु, परियोजना व्यवस्थापक तथा लेखा सहायक तलब | २७१०० | १६६५९.५२ |
| गन्तव्य देशहरुबाट नेपाल फर्केका श्रमिकहरुका लागि घरसम्म जानका लागि यातायात खर्च | ४०१५० | १७४३३.५२ |
| क्वारेन्टाईन खर्च | ३१३६.८४ | ६२६ |
| काठमाण्डौस्थित कार्यालयमा चाहिने आवश्यक कम्प्युटर तथा अन्य प्रशासनिक खर्च | ५१३२ | ४२६०.१४ |
| विविध खर्च | ६५३३ | ५०१.१३ |
| **कुल जम्मा** | **८६२६७९** | **३५५१९६.६०** |

**दाताबाट यो कार्यक्रमको लागि कुल बजेट मध्ये हाल सम्म विनियोजित रकम यस प्रकार रहेको छः**

| मिति | प्राप्त रकमको विवरण (युएस डलरमा) |
|---|---|
| २१ जलाई २०२० (६ श्रावण, २०७७) | ३०,००० |
| १६ अक्टोवर २०२० (३० असोज २०७७) | ३५२,११७ |
| १४ मार्च २०२१ (०१ चैत्र, २०७७) | २,१८,७१४ |
| १४ मार्च २०२१ (०१ चैत्र, २०७७) | २,१८,७१४ |
| **हाल सम्म दाताबाट प्राप्त कुल रकम** | **८१९५४५** |

**संघले यो कार्यक्रमका लागि हालसम्म सम्बन्धित गन्तब्य देशहरुका लागि विनियोजन गरेको बजेटको विवरणः**

| मिति | गन्तब्य देशहरुको नाम | प्राप्त रकमको विवरण (युएस डलरमा) |
|---|---|---|
| २१ सेप्टेम्बर २०२० (५ असोज २०७७) | मलेसिया | ६५०० |
| २३ नोभेम्वर २०२० (०८ मंसीर २०७७) | मलेसिया | २०००० |
| फेब्रअरी ८, २०२१ (२६ माघ २०७७) | मलेसिया | १५००० |
| | **मलेसिया कुल जम्मा** | **४१५००** |
| २० अक्टोवर, २०२० (०४ कार्तिक २०७७) | साउदी अरेविया | १६५०० |
| १३ डिसेम्बर २०२० (२८ मंसीर २०७७) | साउदी अरेविया | २१६९५.५२ |
| ०८ फेब्रअरी २०२१ ( २६ माघ २०७७) | साउदी अरेविया | १५००० |
| | **साउदी अरेविया कुल जम्मा** | **५३१९५.५२** |
| २३ सेप्टेम्वर २०२० (०७ असोल २०७७) | युएई | ६५०० |
| २१ अक्टोवर २०२० ( ०५ कार्तिक २०७७) | युएई | १५००० |
| ०४ डिसेम्बर २०२० (१९ मंसिर २०७७) | युएई | २५००० |
| ०८ जनवरी २०२१ (२४ पौष २०७७) | युएई | १५००० |
| | **युएई कुल जम्मा** | **६१५००** |
| २३ सेप्टेम्बर २०२० (०७ असोज २०७७) | कतार | ६५०० |
| २१ अक्टोम्बर २०२० (०५ कार्तिक २०७७) | कतार | १५००० |
| १३ डिसेम्बर २०२० (२८ मंसीर २०७७) | कतार | १८०९२.०३ |
| | **कतार कुल जम्मा** | **३९५९२.०३** |
| ०७ डिसेम्बर २०२० (२२ मंसीर २०७७) | ओमान | ९०० |
| १७ डिसेम्वर २०२० (०२ पौष २०७७) | ओमान | १३२४.८२ |
| १५ जनवरी २०२१ (०२ माघ २०७७) | ओमान | ३४८.८० |
| २९ जनवरी २०२१ (१६ माघ २०७७) | ओमान | ९३८.५६ |
| ०५ फेब्रअरी २०२१ (२३ माघ २०७७) | ओमान | १२८९.५० |
| २४ फेब्रअरी २०२१ (१२ फाल्गुण २०७७) | ओमान | ६५८.४८ |
| | **ओमान** | **५४६०.१६** |


| | | |
|---|---|---|
| ०१ डिसेम्बर २०२० (१६ मंसीर २०७७) | कुवेत | ४२० |
| ०७ डिसेम्बर २०२० (२२ मंसीर २०७७) | कुवेत | ७३४.१६ |
| ९ डिसेम्बर २०२० (२४ मंसीर २०७७ | कुवेत | ३८६ |
| २१ डिसेम्बवर २०२० (०६ पौष २०७७) | कुवेत | ३७२४.७८ |
| ०८ जनवरी २०२१ (२४ पौष २०७७) | कुवेत | ३८६ |
| १७ जनवरी २०२१ (०४ माघ २०७७) | कुवेत | ५३२० |
| ११ फेब्रअरी २०२१ (२९ माघ २०७७) | कुवेत | ८८५ |
| | **कुवेत** | **११८५५.९४** |
| २७ नोभेम्वर २०२० (१२ मंसीर २०७७) | बहराइन | १६२७.५० |
| १५ डिसेम्वर २०२० (३० मंसीर २०७७) | बहराइन | १६४० |
| | **बहराइन** | **३२६७.५०** |
| १५ डिसेम्वर २०२० (३० मंसीर २०७७) | रसिया | ९०० |
| | **रसिया** | **९००** |
| ०५ नोभेम्वर २०२० (२० कार्तिक २०७७) | कम्वाडिया | ३५९० |
| १० नोभेम्बर २०२० (२५ कार्तिक २०७७) | कम्वाडिया | ३८०० |
| २१ डिसेम्वर २०२० (०६ पौष २०७७) | कम्वाडिया | ४७३२ |
| | **कम्वोडिया कुल जम्मा** | **१२१२२** |

## कार्यक्रमको हाल सम्म भएका मुख्य मुख्य उपलब्धिहरु के–के छन ?


- हाल सम्म विभिन्न गन्तव्य मुलुक र नेपालमा गरी झण्डै १५,९०० भन्दा बढी नेपाली कामदारहरुलाई यस कार्यक्रममार्फत विभिन्न किसिमको सहयोग पुऱ्याइएको छ ।
- सामान्य गल्तीहरुका कारणले जेलमा तथा नजरबन्दमा परेका नेपाली श्रमिकहरुलाई आवश्यक कानूनी परामर्श तथा सहयोग पुऱ्याई तत्काल घर फिर्ती कार्यमा सहयोग पुऱ्याइएको छ। १८ जना त्यस्ता व्यक्तिहरुलाई कार्यक्रममार्फत सेवा पुऱ्याइएको छ।
- २७०० जना भन्दा बढी नेपालीहरुलाई राहतस्वरुप खाना तथा अस्थायी बासको सहयोग पुगेको र निजहरुलाई नेपाली दूताबाससँग समन्वय गरेर घर पुनः अर्को रोजगार तथा घर फिर्ती कार्यमा सहजीकरण गरिएको ।
- हालसम्म ९८० जना नेपाली श्रमिकहरुलाई काठमाण्डौंबाट आआफ्नो घरसम्म

जानका लागि सहयोग पुऱ्याइएको छ।


- हालसम्म २४९ जति नेपाली श्रमिकहरुलाई पुनः रोजगारीका लागि सहयोग पुगेको छ।
- हालसम्म झण्डै १०,००० जति नेपाली श्रमिकहरुलाई निःशुल्क परामर्श सेवा प्रदान गरिएको छ जस्तै उनीहरुका स्वास्थ्य सम्बन्धि समस्या, परामर्श सेवा प्रदान गरिएको छ र झण्डै ४००० व्यक्तिहरुलाई दूताबासमा आवश्यक कागजी प्रक्रियामा 'जस्तैः श्रमिकहरुको पासपोर्ट नवीकरण तथा फारम भर्न सहयोग गर्ने आदि' सहजीकरण गर्ने कार्यमा सहयोग पुगेको छ।
- केही अत्यन्त समस्यामा परेका नेपाली श्रमिकहरु मध्ये घर फिर्तीको लागि ३१७ जनालाई पीसीआर तथा २०६ जनालाई आंशिक हवाईजहाज टिकटको समेत व्यवस्था गरिएको छ।
- कम्बोडियामा समेत अलपत्र परेका २२ जना नेपालीहरुलाई नेपाली दूताबाससँगको समन्वयमा कम्बोडियासँग सहकार्य गरेर खाना तथा बासको व्यवस्था, पी.सी.आर र स्वदेश फिर्ती कार्यमा सहयोग पुऱ्याइएको छ।
- मनो-सामाजिक विमर्श तथा अन्य स्वास्थ्य सम्बन्धि कार्यक्रमका माध्यमबाट सहयोग पुऱ्याउनको लागि आत्महत्या रोकथाम तालिम सञ्चालन गरिएको थियो जसबाट ६० जना भन्दा बढी स्वयं-सेवकहरुले तालिम पाएका छन्।
- प्रदेश नं १, २ र ७ का विभिन्न १४ वटा स्वास्थ्य संस्थाहरुलाई क्वारेन्टिन तथा आइसोलेशन सेन्टरहरुमा समेत नेपाली श्रमिकहरुलाई सहयोग पुगोस् भन्ने उद्देश्यले रु.१४ लाख बराबरका अति आवश्यक मेडिकल सामग्रीहरु समेत प्रदान गरिएको छ।





यो कार्यक्रम मार्फत १५,९०० भन्दा बढी नेपाली श्रमिकहरुलाई यो कार्यक्रममार्फत विभिन्न माध्यमले भेट सम्पर्क गर्न सकिएको जसमा १५,३८४ भन्दा बढी श्रमिकहरुलाई विभिन्न प्रकारका सेवाहरु पुऱ्याइएको छ। देश र सेवा पाउने श्रमिकको संख्या।




यस कार्यक्रममार्फत पुऱ्याइएका सेवाहरु र सेवा पाउने श्रमिकको संख्या।




विभिन्न देशबाट काठमाण्डौ फर्केपछि त्रिभुवन विमानस्थलबाट आ–आफ्नो घरसम्म जानका लागि यातायात खर्च प्राप्त गरेका व्यक्तिहरुको विवरण संख्या ।




विभिन्न देशबाट काठमाण्डौ फर्केपछि त्रिभुवन विमानस्थलबाट विभिन्न प्रदेशहरुमा जानका लागि यातायात खर्च प्राप्त गरेका व्यक्तिहरुको संख्या ।

## खर्चको कार्यविधि, आर्थिक पारदर्शिता तथा खर्चको निर्णय प्रक्रियाबारे के–के गरिएको छ ?

स्वीकृत कार्यक्रमअनुसार स्पष्ट रुपमा संस्थाका आर्थिक नियमावलीलाई आधार बनाई खर्च गरिएको र यस्ता खर्चहरुका बारेमा संस्थाले आन्तरिक तथा स्वतन्त्र लेखा परिक्षण को कार्य समेत गरेको छ । साथै हालसम्मका सम्पूर्ण खर्चहरुलाई दाताले समेत परिक्षण गरेको र नियमित रुपमा खर्चको प्रतिवेदन समेत दातालाई दिने गरेका छौं । खर्चका बिल तथा भपाईहरु स्पष्ट रुपमा फाईलिङ्ग गरी राखिएको छ । सो कार्यका लागि संघको सचिवालयमा कार्यक्रमसँग सम्बन्धित कर्मचारी तथा सचिवालयमा समेत कार्यकारी निर्देशक तथा लेखा अधिकृतले समेत स्वीकृत खर्चको प्रमाणीकरण गर्ने गरिएको छ ।


कार्यक्रममा उल्लेख भएका खर्चका सन्दर्भमा सम्बन्धित गन्तव्य देशका व्यवस्थापनलाई जानकारी गराईएको र सोही अनुसार नियमानुसार रकम माग भई आए बमोजिम कार्यक्रमका निर्देशकको स्वीकृति बमोजिम खर्च गर्ने निर्णय गरिन्छ । साथै खर्चका सम्पूर्ण विल भर्पाईहरु अद्यावधिक गरी राख्ने गरिन्छ ।

विभिन्न श्रोतबाट आएका यस्ता रकमहरुलाई हामीले सधैं नेपाली श्रमिकको हितमा लगाउनु हाम्रो उद्देश्य हो र यसको लागि नेपाल सरकार विशेष गरेर परराष्ट्र मन्त्रालय र सम्बन्धित दूतावास तथा अन्य निकायमा समेत यो कार्यत्रमका बारेमा जानकारी गराएका छौं ।

## यो कार्यक्रमका बारेमा विभिन्न तहमा व्यवस्थापन तथा संवाद कसरी गरिएको छ ?

यो परियोजनालाई व्यवस्थित किसिमले सञ्चालन गर्न सजिलो होस् भन्नका लागि केन्द्र स्तरमा संघका उपाध्यक्ष तथा बैदेशिक रोजगार तथा कल्याणकारी विभागका उपाध्यक्षको संयोजकत्वमा एउटा व्यवस्थापन समिति गठन गरिएको छ, जसलाई परियोजना सञ्चालन समिति (प्रोजेक्ट स्टीयरिङ्ग कमिटी) भनिन्छ । हरेक महिना यो समितिको बैठक बसी मुख्य उपलब्धिहरु, चुनौति तथा आगामी कार्य योजनाका विषयमा समेत छलफल गरिन्छ ।

अन्ततः संघको उच्चस्तरीय व्यवस्थापन समिति (International Executive Secretariat-IES) मा समेत संघका उपाध्यक्ष एवं वैदेशिक रोजगार तथा कल्याणकारी विभागका संयोजकको माध्यमबाट नियमित रुपमा अन्तर्राष्ट्रिय र राष्ट्रिय समन्वय परिषद्हरुलाई कार्यक्रमका बारेमा जानकारी गराउने गरिएको छ ।




**कार्यक्रमको व्यवस्थापन प्रणालीको चार्ट ।**

### यस कार्यक्रमको आर्थिक तथा कार्यक्रमको प्रतिवेदन प्रणाली कस्तो रहेको छ ?

यस कार्यक्रमको लागि एउटा साधारण सूचना व्यवस्थापन प्रणाली (Database Management System) तयार गरिएको छ जसलाई हरेक हप्तामा अद्यावधिक गर्ने गरिन्छ । साथै खर्चको विवरण मासिक रुपमा र आवधिक रुपमा समेत कार्यक्रमको विश्लेषणात्मक प्रतिवेदन तयार गरिन्छ र सोही अनुसार आवधिक रुपमा उच्च व्यवस्थापन र दातालाई समेत प्रेषण गर्ने गरिएको छ ।

### यो कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन कसरी गरिन्छ ?

कार्यक्रमलाई अझ प्रभावकारी ढंगले सञ्चालन गर्नका लागि कार्यक्रम व्यवस्थापकका माध्यमबाट सम्बन्धित देशमा समन्वय गरी कार्यक्रमको बारेमा जानकारी लिने र नियमित रुपमा अनुगमन गर्ने गरिएको छ । सुपरिवेक्षण तथा अनुगमनबाट आएका सुझाव तथा अन्य विषयवस्तुहरुलाई उच्चस्तरीय व्यवस्थापनमा छलफल गर्ने गरिएको छ । कार्यक्रमको अनुगमन गर्न संघले केन्द्र स्तरमा कोषाध्यक्षको संयोजकत्वमा एक समिति गठन गरेको छ । हरेक

गन्तव्य मुलुकमा स्थानिय-स्तरको अनुगमन समिति गठन गरिएको छ । दातृ निकायको तर्फबाट पनि छुट्टै कार्यक्रमको छुट्टै अनुगमन गरिन्छ ।

कार्यक्रमका बारेमा गन्तव्य देशहरुमा विभिन्न समूहका संयोजकको (टिम को-अर्डिनेटर को) माध्यमबाट नियमित रुपमा कार्यक्रमको सुपरीवेक्षण गर्ने गरिएको छ जसलाई केन्द्रबाट कार्यक्रम व्यवस्थापकले विभिन्न समूहका संयोजकहरुसँग (टिम को-अर्डिनेटरहरुसँग) समेत नियमित सम्पर्क तथा छलफल गर्ने गरिएको छ । साथै नियमित रुपमा प्राप्त हुने कार्यक्रम तथा लेखा सम्बन्धि प्रतिवेदनहरुलाई केन्द्रबाट सुपरिवेक्षण तथा समय समयमा सो सम्बन्धमा सुधारात्मक प्रतिक्रिया दिने गरिएको छ ।

### कार्यक्रममा कति कर्मचारीहरु स्वयं-सेवकहरु कार्यरत छन् ?

यो कार्यक्रमको प्रभावकारी सञ्चालनका लागि विभिन्न गन्तव्य देशहरुमा कार्यक्रमसँग सम्बन्धित फिल्डमा कार्यरत स्वयं-सेवकहरु (बेतन प्राप्त) तथा सम्बन्धित देशमा रहेका राष्ट्रिय समन्वय परिषद् अन्तर्गतका स्वयंसेवकहरुबाट समेत सहयोग पुगेको छ । फेब्रुअरी, २०२१ सम्म नेपालमा ६ जना स्वयं-सेवकहरु, एकजना लेखा सहायक र कार्यक्रम व्यवस्थापक गरी ९ जना र मुख्य ४ वटा गन्तव्य मुलुकहरुमा २५ जना स्वयंसेवकहरु (कानुन सम्बन्धि स्वयंसेवकहरु समेत) सम्म कार्यरत रहेका थिए । अब मार्च महिनादेखि मे महिना सम्म नेपालमा ४ जना र बाँकी ८ जना स्वयं-सेवकहरु ४ वटा गन्तव्य मुलुकहरुमा एवं एक जना लेखा सहायक र एक जना कार्यक्रम व्यवस्थापक नेपालमा कार्यरत रहने छन् ।

### संघका स्वयं-सेवकहरु हुँदा-हुँदै पारिश्रमिक (बेतन प्राप्त) प्राप्त स्वयं-सेवकहरु किन आवश्यक पर्यो ?

यो महामारीले धेरै नेपाली श्रमिकहरु अलपत्र परेका हुँदा तत्काल मानवीय सहयोग पुऱ्याउन सजिलो होस् र सेवाग्राहीले समेत छिटो सेवा लिन सकुन् भन्ने उद्देश्यले यो कार्यक्रमको डिजाईन भएको हो र यसले सम्बन्धित नियोगहरुलाई समेत यस प्रकारको सेवा प्रदान गर्नका लागि सजिलो होस् र यस प्रकारको सेवा प्रदान गर्ने कामका लागि क्षमता अभिवृध्दि होस् भन्ने समेत मुख्य उद्देश्यका साथ यो कार्यक्रम सञ्चालनमा ल्याइएको हो । कार्यक्रममा थप केही क्रियाकलापहरु दोश्रो चरणमा थप गरी श्रमिकहरुलाई अझ बढी सेवा दिने कोसिस गरियो जसमा नियोगहरुको समेत सिफारिस रहेको थियो । जस्तै हवाई टिकट, पीसीआर टेष्ट आदि किनकी संघका अन्य स्वयं-सेवकबाट मात्र यो कार्य सम्भव थिएन । यद्यपी संघका

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय परिषद्सँग सम्बन्धित स्वयं-सेवकहरु समेत परिचालित भएर यो कार्यक्रम सञ्चालन गरिएको छ।

### स्वयं-सेवकहरुको छनोट कसरी गरिएको थियो?

नेपालमा आई सकेपछि नेपाली श्रमिकहरुलाई आ-आफ्नो घरसम्म जानका लागि सजिलो होस् र श्रमिकहरुका अन्य समस्याहरु छन् भने पनि सहजीकरण गर्न सजिलो होस् भन्नका लागि स्वयंसेवकहरुको स्पष्ट जिम्मेवारीसहित विज्ञापन गरी संस्थाका कार्यकारी निर्देशकको संयोजकत्वमा एक छनोट समिति समेत गठन गरी कर्मचारी नियुक्ति गरिएको थियो। गन्तव्य देशहरुमा कर्मचारीहरु छनोट गर्दा संस्थाको राष्ट्रिय समन्वय परिषद्को सिफारिसमा स्वयंसे-वक नियुक्ति गरिएको हो । छनोट प्रक्रिया संघको कर्मचारी सम्बन्धी नियमावलीअनुसार गरिएको छ। छनोट भइसकेपछि ती स्वयं-सेवकहरुलाई एक दिने अभिमुखीकरण कार्यक्रम गरी आ-आफ्नो जिम्मेवारीमा खटाइएको थियो।

साथै कार्यक्रम ब्यवस्थापक (प्रोजेक्ट मेनेजर)को छनौट गर्दा राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापन गरी कर्मचारी नियुक्तिका लागि स्वतन्त्र रुपमा काम गर्ने एजेन्सीबाट प्रतिस्पर्धाका आधारमा छनौटको कार्य गरिएको थियो।

### कार्यक्रममार्फत उद्दार गरिएका व्यक्तिहरुको विवरण कहाँ छ ?

उद्दार गरिएका व्यक्तिहरुको नामावली अद्यावधिक रुपमा सुरक्षित साथ संघको सचिवालय, काठमाण्डौंमा राखिएको छ र आवश्यक पर्दा उक्त नामावली संस्थाले देखाउन सक्नेछ। तर उनीहरुको व्यक्तिगत विवरणको गोपनियता सुरक्षित राख्नुपर्ने भएकोले सार्वजनिक गरिएको छैन।

### राहत पाउनेहरु कसरी छनोट गरिन्छ र उनीहरुका गुनासा तथा अन्य समस्याहरुलाई कसरी सम्बोधन गरिन्छ?

यथाशक्य त्यस्ता अनुरोधहरु कुनै लिखित रुपमा, कुनै दूतावासका माध्यमबाट, स्वयंसेवकहरु, स्वयं श्रमिकहरुबाट वा अन्य विभिन्न निकायका माध्यमबाट आएका र पीडित श्रमिकहरुलाई कार्यक्रमको परिधिभित्र रहेर आवश्यक सहयोग पुऱ्याइएको छ। सहयोग प्राप्त गर्न सार्वजनिक सूचना सम्प्रेषण गर्ने गरिएको छ।

### श्रमिकहरुका मानसिक स्वास्थ्य सम्बन्धि समस्याहरुलाई यो कार्यक्रमले कसरी ओगटेको छ ?

यो कार्यक्रमले नेपाली श्रमिकहरुको मानसिक स्वास्थ्यका क्षेत्रमा समेत सहयोग पुऱ्याएको छ । कार्यक्रममार्फत ६० जना भन्दा बढी स्वयं-सेवकहरुलाई मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथाम सम्बन्धि ३ चरणमा तालिम सञ्चालन गरिएको छ र पर्वातारोहणका क्षेत्रमा कार्यरत नेपाली श्रमिकहरुका लागि पनि उक्त तालिमको आयोजना गरियो, जसमा झण्डै ४० जना व्यक्तिहरु लाभान्वित भएका छन् ।

अन्य विभिन्न स्वास्थ्य सम्बन्धि समस्याहरुलाई यो कार्यक्रममा टेलि-मेडिसिन प्रणालीका माध्यमबाट सहयोग पुऱ्याइएको छ । यो कार्यलाई संघको स्वास्थ्य समितिले संयोजन गर्ने गरेको छ । हाल सम्म १०० जना भन्दा बढी व्यक्तिहरु टेलि-मेडिसिन प्रणालीका माध्यमबाट लाभान्वित भइसकेका छन् । यसका लागि काठमाण्डौंस्थित डाँफे केयर प्राईभेट लिमिटेड सँग समेत सहकार्य गरिएको छ र सम्बन्धित गन्तव्य मुलुकहरु तथा अन्य देशका विशेषज्ञ डाक्टरहरुको सेवा यस प्रणालीबाट लिन सकिन्छ ।

### परामर्श सेवा लिने गैरआवासीय नेपालीको संख्या किन बढी छ ?


उद्दार तथा राहतका कार्यक्रम अन्तर्गत स्वयं-सेवकहरुका माध्यमबाट विभिन्न समस्या परेका श्रमिहरुलाई विभिन्न माध्यमबाट सम्पर्क गरी उनीहरुको समस्यालाई सुन्ने तथा आवश्यक सहयोगका लागि पहल गर्ने गरिन्छ जसले उनीहरुलाई मनो-सामाजिक रुपमा समेत सहयोग पुगेका छ । जसका लागि स्वयं-सेवकहरुलाई विशेषज्ञहरुका माध्यबाट आत्महत्या रोकथाम तथा मनोसामाजिक परामर्श तालिमको समेत व्यवस्था गरिएको छ । सो परामर्शको संख्या बढी देखिएको कारण श्रमिकहरुले बढी भन्दा बढी समस्या लिएर आउने गरेका र सोको लागि ठुलो खर्च गनु परेको छैन केवल स्वयं-सेवकहरुको परिचालन र उनीहरुको एकदिने तालिमको खर्च मात्र रहेको छ ।

### यस कार्यक्रमका बारे परराष्ट्र मन्त्रालय र दूताबाससँग कसरी सहकार्य गरिएको छ ?

यो कार्यक्रमको सुरुवातदेखि नै परराष्ट्र मन्त्रालय र स्वयं माननीय परराष्ट्र मन्त्री ज्यू तथा महामहिम राजदुतज्यूहरुसँग प्रत्यक्ष छलफल तथा समन्वय गरी यो कार्यक्रम सञ्चालनमा ल्याइएको छ । समस्या परेका श्रमिकहरुका लागि दूताबास तथा मन्त्रालयको सहयोग अत्यन्त सह्रानीय रुपमा रहेको कुरा समेत जानकारी गराउन चाहन्छौं ।

### एनआरएनलाई श्रमिकहरुको सहायताका लागि वैदेशिक सहायता लिनु पर्ने आवश्यकता किन पऱ्यो ?

यो विषम परिस्थितिमा सरकार एक्लैले गन्तव्य देशहरुमा अलपत्र परेर बसेका नेपालीहरुका लागि राहत तथा उद्दार गर्न नसक्ने कुरा सबैलाई विदितै छ र यस्तो प्रतिकुल अवस्थामा हाम्रो जस्तो संस्थाले नेपालीहरुको लागि काम गर्नु एउटा सर्वमान्य कर्तव्य रहेको र यसै कारणले सरकारसँग निकट साझेदारी गरी यो कार्यक्रम सञ्चालनमा ल्याएको हो । यस संस्थाले यो संकटको घडीमा वैदेशिक रोजगारमा गएका नेपाली वा अन्य नेपालीहरुका लागि गरेको सेवाका लागि नेपाल सरकारले समेत स्पष्ट रुपमा पहिचान गरेको छ ।



# कार्यक्रमसँग सम्बन्धित विभिन्न समितिका पदाधिकारीहरुको नामावली

## क) परियोजना सञ्चालन समिति (प्रोजेक्ट स्टीयरिङ्ग कमिटी):

१. डा. बद्री के.सी., उपाध्यक्ष, अन्तर्राष्ट्रिय समन्वय परिषद्, संयोजक-वैदेशिक रोजगार तथा कल्याणकारी विभाग, कार्यक्रम निर्देशक

२. डा. हेम राज शर्मा, महासचिव, अन्तर्राष्ट्रिय समन्वय परिषद्, सदस्य

३. डा. पुरु श्रेष्ठ, एनआरएनए कोभिड-१९ उच्चस्तरीय समिति सदस्य, सदस्य

४. एकनाथ खतिवडा, संयोजक-एनआरएनए फाउण्डेसन, सदस्य

५. तेजबहादुर थापा, अध्यक्ष, राष्ट्रिय समन्वय परिषद्, साउदी अरेबिया, सदस्य

६. हरि भट्टराई, अध्यक्ष, राष्ट्रिय समन्वय परिषद्, मलेसिया, सदस्य

७. मोहम्मद मुक्तदा मुसलमान, अध्यक्ष, राष्ट्रिय समन्वय परिषद्, कतार, सदस्य

८. प्रकाश कोइराला, अध्यक्ष, राष्ट्रिय समन्वय परिषद्, यूएई, सदस्य

९ राजेन्द्र कुमार राउत, कार्यक्रम व्यवस्थापक, सदस्य सचिव

## ख) केन्द्रीय अनुगमन समिति:

१. संयोजक, महेश कुमार श्रेष्ठ, कोषाध्यक्ष अन्तर्राष्ट्रिय समन्वय परिषद्,

२. सल्लाहकार, आर.के.शर्मा, सचिव, अन्तर्राष्ट्रिय समन्वय परिषद्

३. सल्लाहकार, डिबि क्षेत्री, प्रवक्ता, अन्तर्राष्ट्रिय समन्वय परिषद्

४. सदस्य, भोमादेवी लिम्बु, महिला संयोजक, अन्तर्राष्ट्रिय समन्वय परिषद्

५. सदस्य, प्रवीण गुरुङ्ग, मध्यपूर्व क्षेत्रीय संयोजक

६. सदस्य, राजेन्द्र अर्याल, मध्यपूर्व क्षेत्रीय उप-संयोजक

७. सदस्य, मनोज कुमार श्रेष्ठ, मध्यपूर्व क्षेत्रीय उप-संयोजक

८. सदस्य, खगेन्द्र न्यौपाने, एसिया प्रशान्त क्षेत्रीय उप-संयोजक

९. सदस्य सचिव, राजेश शमसेर राणा, कार्यकारी निर्देशक, सचिवालय



साउदी अरबबाट ७ बर्ष सम्म अस्पतालमा झण्डै अचेत अवस्थामा परेका नेपाली श्रमिकलाई उद्दार गरी नेपाल फर्काईएको।



कामको सिलसिलामा अपाङ्गता भएका एकजना नेपाली श्रमिकलाई उद्दार गरी यातायात खर्च समेत प्रदान गरी घर पठाईएका



रोजगारीका सिलसिलामा मलेसियामा लुटेराहरुले घाईते बनाई अपाङ्ग भएका नेपाली श्रमिकलाई मलेसियाबाट उद्दार गरी घर पठाइएको।



नेपाली श्रमीकको हक हितको लागि संघद्वारा नेपाल सरकारको ध्यानाकर्षण



पर्वातारोहण क्षेत्रमा कार्यरत नेपाली श्रमिकहरुका लागि मानसिक स्वास्थ्य
सम्बन्धि विशेष तालिम



रसियामा अलपत्र परेकी एकजना नेपाली महिला श्रमिक तथा उनको बच्चा सहित उपाध्यक्ष डा.बद्री केसीको पहलमा उद्दार गरी नेपाल फर्काई आफ्नो परिवारको साथ घर पठाईएको।




कम्बोडियामा अलपत्र नेपालीहरुलाई उद्दार गरिएको।



मलेसियाको नजरबन्दमा अलपत्र परेका नेपाली श्रमिकहरुलाई उद्दार गरी घर पठाईएको।





युएईमा अलपत्र नेपाली महिला श्रमिकहरुलाई खाद्यान्न राहत वितरण गरिएको।



साउदी अरबमा नेपाली दुतावासको सहयोगमा आउटरिच सेवा प्रदान गरिएको ।



गैरआवासीय नेपाली संघ-राष्ट्रिय समन्वय परिषद् कतार र कतार सरकारका प्रतिनिधि बिच छलफल

**गैरआवासीय नेपाली संघ**

पोष्ट बक्स नं. : ११८९, बालुवाटार, काठमाडौं

फोन नं.: ९७७-०१-४००४५२९

इमेल: info@nrna.org

वेबसाइट: www.nrna.org